नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
चौतारा, सिन्धुपाल्चोक
फोन:-०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेल:pmamp.piu.sindhupalchok@gmail.com

पत्र संख्या: ०८१/८२
चलानी नं.:

सूचना !!!

सूचना प्रकाशन मितिः २०८१/०५/१९

**कार्यक्रम/क्रियाकलापहरु संचालनकालागि सूचि दर्ता तथा आवेदन प्रस्ताव आव्हान सम्बन्धि सूचना !**

प्रधानन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई सिन्धुपाल्चोकको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम तपसिलका क्षेत्रहरुमा तोकिएका कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गर्न ईच्छुक कृषक समूह/सहकारी/उपभोक्ता समिति/उद्योग/कम्पनी/फर्महरुहरुकालागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को परिच्छेद ४ को ४.३.११ (क) र ४.४.११ (क) सँग सम्बन्धित अनुसूचि ९ बमोजिम आवेदन प्रस्ताव आब्हान सम्बन्धि यो सूचना प्रकाशन गरिएको छ । कार्यक्रम संचालन गर्न चाहने इच्छुक संस्थाहरुले सम्बन्धित जोन/सुपरजोन विकास कार्यक्रममा सूचिकृत भई यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन (मिति २०८१/०६/१८ गते) भित्र चौतारा, सिन्धुपाल्चोक स्थित यस कार्यालय वा गोदामचोक, बनेपा, काभ्रे स्थित सम्पर्क कार्यालयमा म्यानुअलको परिच्छेद ४ को अनुसूचि १० बमोजिमको रितपूर्वक भरिएको आवेदन प्रस्ताव फाराम अन्य आवश्यक कागजातहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै कार्यक्रम संचालनकोलागि न्यूनतम मापदण्ड, अनुदान सहयोगको सिमा, शर्त, कार्यान्वयन हुने प्रकृया र चरणहरु लगायत आवश्यक जानकारी चाहिएमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल - २०७७, कार्यालयको वेवसाईट हेर्नुहुन वा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

तपसिल : कार्य क्षेत्रहरु

| क्र. स. | जोन/सुपर जोनको नाम | जिल्ला | कार्यक्षेत्रहरु : कार्यक्रम संचालन हुने स्थानिय तहको नाम र वडाहरु | सूचिकृत भई कार्यक्रम प्रस्ताव गरेको जोन/सुपरजोन (√ चिन्ह लगाउनुहोस) | कैफियत |
|---|---|---|---|---|---|
| १ | आलु सुपरजोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल नपा., . पा.मन्डनदेउपुर न.,पा.नमोबुद्ध न ., बेथानचोक गा.पा. | | |
| २ | गाई/भैसी जोन | काभ्रेपलाञ्चोक | पनौती न.पा., धुलिखेल न.पा., बनेपा न.पा., पाँचखाल न.पा., मन्डनदेउपुर न.पा., नमोबुद्ध न.पा., बेथानचोक गा.पा., रोशी गा.पा., भुम्लु गा.पा., चौरी देउराली गा.पा. | | कार्यक्षेत्र भन्दा अन्य स्थानमा कार्यक्रम संचालन हुने छैन । |
| ३ | मकै जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा. वडा नं. ४ र ६, बलेफी गा.पा. वडा नं. २, ३, ४ र ५, चौतारा साँगाचोकगढी न.पा. वडा नं. ४ देखि १४ सम्म, इन्द्रावती गा.पा. वडा नं ५ देखि १२ सम्म, मेलम्ची न.पा. वडा नं. १, २, १२ र १३ | | |
| ४ | गाई/भैसी जोन | सिन्धुपाल्चोक | सुनकोशी गा.पा., बलेफी गा.पा., चौतारा साँगाचोकगढी नपा., .इन्द्रावती गा.पा., मेलम्ची न.पा., पाँचपोखरी थाङ्गपाल गा.पा., हेलम्बु गापा. | | |

संचालन हुने स्वीकृत कार्यक्रम/क्रियाकलापहरु :

| क्र.सं. | कार्यक्रम/क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा |
|---|---|---|---|---|
| १ | आलु सुपरजोन काभ्रे अन्तर्गत | | | |
| १.१ | बीउ आलु आत्मनिर्भर कार्यक्रम | हेक्टर | ५० | २१.२५ |
| १.२ | उन्नत प्रविधियुक्त आलुको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ६० | ५१ |
| १.३ | आलुको बजारीकरण प्रवर्द्धन सहयोग कार्यक्रम (लेबलिङ्ग प्याकेजिङ्ग, ब्रान्डिङ्ग तथा अन्य) | पटक | २ | १२.७५ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
चौतारा, सिन्धुपाल्चोक
फोन:-०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेल:pmamp.piu.sindhupalchok@gmail.com

पत्र संख्या: ०८१/८२
चलानी नं.:

| क.स. | कार्यक्रम/क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य | स्वीकृत बजेट रु. लाखमा |
|---|---|---|---|---|
| १.४ | आलुको औधोगिक उत्पादन प्रवर्द्धन तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | २ | १५ |
| १.५ | आलुको प्राथमिक भण्डारण तथा प्रशोधन संरचना सहयोग कार्यक्रम | संख्या | २ | २० |
| १.६ | बीउ आलु शित भण्डारण शुल्कमा सहयोग | मे.टन | ७०० | १७.८५ |
| २ | मकै जोन सिन्धुपाल्चोक अन्तर्गत | | | |
| २.१ | खाद्यान्न बालीको बीजबृद्धि कार्यक्रम (बीउ उत्पादन, लेबलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरण सहयोग, प्रचार प्रसार समेत) | हेक्टर | ३५ | १७ |
| २.२ | उन्नत प्रविधिमा आधारित मकैको क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ६० | १२.७५ |
| २.३ | मकै भण्डारण पूर्वाधार निर्माण सहयोग | संख्या | १ | ५ |
| २.४ | पोष्ट हार्भेष्ट ह्याण्डलिङ्ग, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सहयोग | पटक | २ | १५ |
| २.५ | स्वदेशी हाईब्रिड मकै उत्पादन प्रदर्शन तथा प्रविधि विस्तार | रोपनी | ५० | ३.४ |
| ३ | गाईभैसी जोन काभ्रे र सिन्धुपाल्चोक तर्फ | | | |
| ३.१ | गोठ सुधार कार्यक्रम | संख्या | ९० | १३५ |
| ३.२ | दुग्ध चिस्यान केन्द्र स्थापना/सुदृढीकरण, प्रशोधन केन्द्र निर्माण/सुदृढीकरण | संख्या | १० | ४० |
| ३.३ | दुग्धजन्य पदार्थको मूल्य अभिबृद्धि तथा बजारीकरण सहयोग कार्यक्रम | संख्या | ४ | २० |
| ३.४ | गाईभैसीकालागि नश्ल सुधार कार्यक्रम | वटा | ८ | ८ |
| ३.५ | पशुरोग व्यवस्थापन, भ्याक्सिन तथा उपचार सहयोग (दुग्ध उत्पादन सहयोगकालागि उपचार सहयोग) | पटक | २ | ३.४ |
| ४ | सबै जोन, सुपरजोन क्षेत्र अन्तर्गत संचालन हुने | | | |
| ४.१ | जोन सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम | संख्या | १०० | ७५ |
| ४.२ | साना सिंचाई पुर्वाधार निर्माण/सुधार कार्यक्रम | संख्या | २२ | ६६ |
| ४.३ | आकस्मिक बाली संरक्षण सेवा अभियान सहयोग | पटक | ४ | ५.१ |
| ४.४ | प्रविधि प्रचार प्रसार, क्षमता अभिबृद्धि तालिम, गोष्ठी तथा प्रविधि प्रर्दशन, प्रविधि परिक्षण, भ्रमण सिकाई कार्यक्रम | पटक | १७ | १५.३९ |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१ कृषक समूह/सहकारी/समिति/उद्योग/कम्पनी/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
२ स्थायी लेखा नं./मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा गत आ.ब.को करचुक्ता (म्याद समेत) प्रमाणपत्रको प्रतिलिपि ।
३ कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गाधनी प्रमाणपूर्जा वा कागजातहरु वा भाडा/लिजको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामाको प्रतिलिपि ।
४ निवेदकको नागरिकता वा नेपाल सरकारद्वारा जारी फोटो सहितको परिचय खुल्ने कागजातको प्रतिलिपि ।
५ समूह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि ।
६ विगतका आ.ब.हरुमा परियोजनाको सहयोगमा कार्यक्रमहरु संचालन भएको भएमा के प्रतिफल/उपलब्धि प्राप्त भयो सोको विवरण ।

**थप जानकारी चाहिएमा :**

सम्पर्क नं : ०११-६२०१२५(सिन्धुपाल्चोक), ०११-६६२४४९ (काभ्रे), शृणुकुमारी झा : ९८६०६४५६०१ (दुवै जिल्ला)
सिमोन चौधरी : ९८६५१९७८७३ (सिन्धुपाल्चोक), अनिश भट्टराई : ९८४११०४५२२ (काभ्रे)
email : pmamp.piu.sindhupalchok@gmail.com
website : www.piusindhupalchowk.pmamp.gov.np
facebook page : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, सिन्धुपाल्चोक/काभ्रे

प्रस्ताव फारामको ढाँचा (अनुसूचि १० बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा बिस्तृत जानकारीको चाहिएमा कार्यालयको फोन नं. तथा email मा सम्पर्क गर्न सकिनेछ ।